"सुरक्षित भविष्यको लागि सञ्चय कोषको व्यवस्था गरौं।"

# सञ्चय कोष

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ७ । अंक २९ । २०७६ श्रावण - पौष ।

## कर्मचारी सञ्चय कोष ५८ औं वर्षमा प्रवेश

# वार्षिकोत्सव भव्यताकासाथ सम्पन्न



कर्मचारी सञ्चय कोष आफ्नो स्थापनाको गौरवमय ५८ औं वर्षमा प्रवेश गरेको छ । सो अवसरमा कोषले विभिन्न कार्यक्रमको आयोजना गरी भाद्र ३१ मा वार्षिकोत्सव भव्यरूपमा मनाएको छ। राष्ट्रिय सभागृहमा अर्थमन्त्री युवराज खतिवडाको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै अर्थमन्त्री डा. युवराज खतिवडाले संविधानमा उल्लेखित मौलिक हकको रूपमा रहेको सामाजिक सुरक्षाको हक पूरा गर्ने कार्यमा कर्मचारी सञ्चय कोषको भूमिका महत्वपूर्ण रहेको बताउनु भयो । राजनीतिक स्थायित्वका कारण मुलुकको आर्थिक गतिविधि बढ्नु, बैंक तथा वित्तिय संस्थाहरूको ब्याजदरमा वृद्धि हुनु सेयर बजारमा लगानी बढाउने अति अनुकुल समय भएको उहाँले बताउनु भयो। सेयर बजारमा लगानी बढाउन सके मुलुकको आर्थिक विकासमा पनि महत्वपूर्ण योगदान पुग्ने अर्थमन्त्री खतिवडाको भनाइ थियो। उहाँले पुँजी बजारमा लगानी बढाउन सरकारले आवश्यक वातावरण बनाउने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

अर्थमन्त्री खतिवडाले कर्मचारी सञ्चय कोषलाइ पूँजी बजारको दोस्रो बजारमा लगानी गर्ने कानूनी छुट नभएकोले दीर्घकालीन प्रकृतिका पूर्वाधार विकासमा लगानी गर्न आग्रह गर्नुभयो । उहाँले कर्मचारी सञ्चय कोषलाई प्राथमिक बजार सुधारका लागि भविष्यमा विश्वासिलो काम गर्न समेत निर्देशन दिनुभएको थियो ।

कार्यक्रममा कोषका प्रशासक तुलसी प्रसाद गौतमले सञ्चयकोष, निवृत्तभरण कोष लगायत सञ्चयकर्ता लक्षित कार्यक्रमको व्यवस्थापन गर्दै कोषलाई सामाजिक सुरक्षाको अग्रणी संस्थाको रूपमा स्थापित गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । साथै प्रतिफल, सुरक्षा र नगद प्रवाह सुनिश्चित भएका पूर्वाधार विकासका आयोजनाहरूमा लगानीका लागि तीनवटै तहका सरकार तथा निजी क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने बताउनु भयो ।

बाँकी पृष्ठ ७ मा

## निवृत्तभरण व्यवस्थापन प्रणालीको शुभारम्भ



कोषको ५८ औं वार्षिक उत्सवको अवसरमा निवृत्तभरण कोष व्यवस्थापन प्रणालीको शुभारम्भ भएको छ । अर्थमन्त्री डा. युवराज खतिवडाले निवृत्तभरण कोष व्यवस्थापनको लागि तयार पारिएको कम्प्युटर प्रणालीमार्फत यसको शुभारम्भ गर्नुभएको हो। कोषले २०७६ साउन १ पछि नियुक्त हुने सरकारी सेवाका कर्मचारीहरूका लागि योगदानमा आधारित निवृत्तभरण योजना कार्यान्वयनको जिम्मेवारी पाएसँगै सञ्चालनको तयारी पूरा गरेको छ। यसको लागि आवश्यक पर्ने संरचनागत, प्रक्रियागत एवंम प्रणालीगत तयारी पूरा गरिसकेको छ ।

कोषका सञ्चालक समितिका अध्यक्ष शिशिरकुमार ढुङ्गानाले कोषले योगदानमा आधारित निवृत्तभरण कार्यक्रम सञ्चालनको जिम्मेवारी पाएसँगै आगामी दिनमा कोषको परम्परागत भूमिकामा परिवर्तन हुने र यसलाई कार्यान्वयन गर्न व्यावसायिकता र दक्षताको पूर्ण उपयोग गर्नुपर्ने बताउनु भयो ।

कोषका प्रशासक तुलसी प्रसाद गौतमले कोष ५८ वर्षमा प्रवेश गरिरहँदा यसको गन्तव्यले नयाँ मोड लिएको भन्दै परम्परागत सञ्चय कोष प्रणालीलाई निवृत्तभरण प्रदायक संस्थाको रूपमा रूपान्तरित हुने अवसर प्राप्त भएकोमा नेपाल सरकारप्रति आभार व्यक्त गर्नुभयो । सरकारी क्षेत्रमा विद्यमान परम्परागत योगदान रहित निवृत्तभरण प्रणालीको सट्टा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनले कोषको लागि दुरगामी प्रभाव पार्ने कोषका प्रशासक गौतमले जानकारी दिनुभयो ।



२ योगदानमुलक निवृत्तभरणको शुरुवात



३ स्वास्थ्योपचारको शोधभर्ना कोषबाटै



४ घरजग्गा व्यवस्थापन कम्पनी स्थापना

## योगदानमुलक निवृत्तभरणको जिम्मा सञ्चय कोषलाई

# व्यवस्थापन र सञ्चालन कार्यको शुरुवात

योगदानमुलक निवृत्तभरणको जिम्मा पाएको कर्मचारी सञ्चय कोषले २०७६ साउन महिना देखि नियुक्त कर्मचारीहरूको रकम जम्मा गर्न शुरू गरेको छ। संघ अन्तर्गत नियुक्त हुने कर्मचारीहरूको रकम जम्मा गर्नका लागि आवश्यक संरचनागत, प्रक्रियागत एवंम प्रणालीगत तयारी पूरा गरी सञ्चय कोषलाई नै अवकाश कोषमा रूपान्तरित गर्ने सोचबाट कोष अघि बढेको छ। निजामती सेवा नेपाली सैनिक सेवा, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी बल नेपाल र नेपाल विशेष सेवाका कर्मचारीहरू यो कार्यक्रममा समावेश छन्।

योजना अनुसार निवृत्तभरणमा कर्मचारीको तर्फबाट ६ प्रतिशत योगदान रहन्छ भने सोहि अनुपातमा सरकारले रकम



थप गरी जम्मा हुने व्यवस्था रहेकोछ।

योजनामा आवद्ध हुनका लागि निवृत्तभरण योजनामा सहभागी हुने कर्मचारीले कोषबाट तोकिएको प्रक्रिया अवलम्बन गरी केवाईसी अद्यावधिक गरेर युसिआईएन नम्बर लिने र सम्बन्धित कार्यालयमा जानकारी गराउनु पर्दछ। सम्बन्धित कार्यालयले अनिवार्य रूपमा कोषको वेब ईन्ट्री एक्सेस प्राप्त गर्नु पर्दछ र तोकिएको बैंकमा रकम जम्मा गरी वेब इन्ट्री मार्फत डिजिटल विवरण पठाउने र कोषबाट पठाइएको (अनलाइन) रसिद सुरक्षित राख्ने गर्नु पर्छ। कोषबाट बैंक विवरण तथा सम्बन्धित कार्यालयबाट पठाइएको डिजिटल विवरण रूजु गरेर निवृत्तभरण योजनामा सहभागी हुने कर्मचारीको व्यक्तिगत खातामा लेखांकन गर्नु पर्दछ।

यदि अन्य कार्यालयमा सरूवा भई गएमा वा पदस्थापन भएमा कर्मचारीको युसिआईएन नम्बर सम्बन्धित कार्यालयमा जानकारी गराउनु पर्दछ।




# लेखा प्रमुखहरूसँग अन्तरक्रिया




कोषले नेपाल सरकारका मन्त्रालय एवं विभागका लेखा प्रमुखहरूसँग माघ ९ गते एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रमको उद्देश्य र महत्वमाथि कोषका सह-प्रशासक राजेन्द्र काफ्लेले प्रकाश पार्नु भएको थियो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि गोपीनाथ मैनालीले सञ्चय कोष हामी सबैको संस्था भएको र यसले प्रदान गर्ने विभिन्न सेवासुविधाबारे सबै जानकार हुनुपर्ने तथा फाटँवारी एवं अन्य कार्यसम्बन्धी कठिनाइका बारेमा जीवन्त छलफल गर्नका लागि निर्देशन दिनुभयो।

कोषका प्रशासक तुलसी प्रसाद गौतमले सञ्चय कोषलाई पेन्सन फण्डमा रूपान्तर गर्न आवश्यक भएको र सुचना प्रविधिको उच्चतम प्रयोग गरेर सेवाग्राहीलाई घरदैलोमा सेवा पुऱ्याउनु पर्ने आवश्यकतामा जोड दिनु भयो।

कार्यक्रममा लेखा प्रमुखहरूले गरेका विभिन्न सवालहरूको जवाफ कोषका विभागीय प्रमुखहरूले दिनु भएको थियो। कार्यक्रम महालेखा नियन्त्रकको कार्यालयको सहयोग र समन्वयमा सञ्चालन भएको थियो।

# राष्ट्रिय किताबखानासँग कोषको सहकार्य




कर्मचारी सञ्चय कोष र राष्ट्रिय किताबखाना (निजामती) बीच बिद्युतीय सूचनाहरू आदान प्रदान प्रणाली सुरु भएको छ । कार्तिक २२ गते राजधानीमा भएको एक कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले सो प्रणालीको शुभारम्भ गर्नु भएको हो । कार्यक्रममा बोल्दै मन्त्री पण्डितले अबका दिनमा सबै एकीकृत सूचना प्रणालीमा आबद्ध हुनु पर्ने बताउनुभयो ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव यादव प्रसाद कोइरालाले सरूवा बढुवा सम्बन्धी डाटा समेत किताबखानासँग नहुने प्रवृत्तिको अन्त्य अब हुँदै जाने कुरा बताउनु भयो । त्यसैगरी गृह सचिव प्रेमकुमार राईले डाटा सङ्कलन गरे पछि कोहि व्यक्तिबाट त्यसको दुरूपयोग हुन सक्ने सम्भावना तर्फ पनि ध्यान दिन आग्रह गर्नु भयो । सूचना आदान प्रदान गरिसके पछि त्यसको सुरक्षामा विशेष सचेत रहनु पर्ने कुरामा उहाँको जोड थियो ।

कोषका प्रशासक तुलसी प्रसाद गौतमले एक वर्षको अवधिमा पाँचवटा सरकारी निकायसँग समन्वय गरेर डिजिटल प्रणालीमा जोडिएको बताउनु भयो । अबका दिनमा बैंकहरूसँगको सहकार्यमा निवृत्तभरणको रकम सोझै बैंक खातामा पठाउन सक्ने व्यवस्था गरिने र यसो भएबाट व्यक्तिको समय बचत हुने कुरा बताउनु भयो ।

सो कार्यक्रममा कोषका तर्फबाट योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख जीवन कुमार कट्वाल कोषको ऐतिहासिक पृष्ठभूमी, कोषको सेवाप्रवाह, कोषले प्रदान गरिरहेका सामाजिक सुरक्षा कार्यक्रमहरूका साथै कोष र अन्य सरकारी निकायहरूबीच हुन सक्ने समन्वय र सहकार्यको बारेमा जानकारी दिनु भएको थियो ।

कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं कोषका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# सञ्चयकर्ता स्वास्थ्योपचारको शोधभर्ना कोषबाटै हुने



कोषवाट सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत साविकमा राष्ट्रिय बीमा कम्पनी लिमिटेड मार्फत सञ्चालन गरिएको "सञ्चयकर्ता औषधोपचार तथा घातक रोग बीमा योजना" लाई "सञ्चयकर्ता स्वास्थ्योपचार योजना" मा रूपान्तरण गरी स्वास्थ्योपचार खर्चको सोधभर्ना २०७६ मंसिर १ पश्चात कोषबाटै गर्ने व्यवस्था मिलाएको छ ।

योजना अनुसार कोषमा सञ्चय कोष कट्टी जम्मा गरेको ६ महिना पूरा भएका र नियमित रूपमा कोष कट्टी रकम जम्मा गरिरहेका सञ्चयकर्ताहरूले प्राप्त गर्न सक्नेछन् । अस्पताल भर्ना भई साधारण रोगको उपचार गराउने सञ्चयकर्ताले एक आर्थिक वर्षमा वढीमा दुई पटकमा अधिकतम रू. १ लाखसम्म र घातक रोगको उपचारमा कुल नोकरी अवधिमा एकै पटक वा पटक पटक गरी भएको अधिकतम रू.१० लाखसम्मको खर्च सोधभर्ना प्राप्त गर्न सक्नेछन् । साधारण रोग अन्तर्गतको सुविधा अस्पताल भर्ना भई उपचार गराउँदाको अवधिको उपचार खर्चमात्र कोषबाट सोधभर्ना हुन्छ । त्यसैगरी घातक रोगको उपचारको अधिकतम रू. १० लाखमा नबढ्ने गरी (रोग पहिचानको क्रममा भएको खर्च मध्ये वढीमा रू.१ लाखसम्म, अस्पताल भर्ना भई उपचारको क्रममा भएको खर्च मध्ये वढीमा रू. ७ लाखसम्म र अस्पतालवाट डिस्चार्ज भए पश्चात फलो-अपको क्रममा भएको खर्च मध्ये वढीमा रू. २ लाखसम्म) सोधभर्ना हुने जनाइएको छ । साधारण रोगको हकमा एकपटकमा रू. १० हजार भन्दा कम र घातक रोगको हकमा एकपटकमा रू. २५ हजार भन्दा कम खर्चको सोधभर्ना हुदैन ।

अस्पतालवाट डिस्चार्ज भएको मितिले सामान्यतया ६० दिन भित्र कोषमा सोधभर्नाका लागि कोषको ठमेल स्थित निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा बिभाग वा शाखा कार्यालयमा कोषले तोकेको कागजात सहित निवेदन दिनु पर्ने हुन्छ ।

# निलवाराही हाउजिंग परियोजना कर्जा सम्झौता

कोष र कमिटेड इन्टरप्रेनर रियलस्टेट प्रा. लि. बीच निलवाराही हाउजिङ्ग परियोजनाको लागि कर्जा सम्झौता सम्पन्न भएकोछ । सम्झौता पत्रमा कोषका तर्फबाट प्रशासक तुलसी प्रसाद गौतम र कमिटेड इन्टरप्रेनर प्रा. लि. का तर्फबाट प्रबन्धक विजय बहादुर राज भण्डारीले हस्ताक्षर गर्नु भएको थियो ।



चाँगुनारायण नगरपालिका १ भक्तपुरमा निर्माण हुने सो परियोजनामा कुल १५० आवास एकाईहरू हुनेछन् । परियोजनाको कुल लागत २ अर्ब १० करोड हुने छ । कर्जा रकम ८० करोड हुने जनाइएको छ । सो परियोजनाको निर्माण अवधि सहित ७ वर्षको हुनेछ ।

# सञ्चय कोष घरजग्गा व्यवस्थापन कम्पनीको स्थापना





कोषले 'सञ्चय कोष घरजग्गा व्यवस्थापन कम्पनी प्राइभेट लिमिटेड' मार्फत घरजग्गा सम्बन्धी कारोबार गर्ने सहायक कम्पनी स्थापना गरेको छ । २०७६ साल पौष ३ गते कम्पनी रजिष्टारको कार्यालय काठमाण्डौमा सो कम्पनीको दर्ता भई कम्पनी दर्ताको प्रमाण पत्र प्राप्त गरेको हो ।

कम्पनीले कोषमा रकम जम्मा गर्ने सञ्चयकर्तालाई लक्षित गरी घरजग्गा खरिद बिक्री गर्ने, भवनहरू निर्माण गरी भाडामा लगाउने वा बिक्री गर्ने, कोषका भवनहरूको बहाल व्यवस्थापन गर्ने लगायतको घरजग्गाको क्षेत्रमा कार्य गर्ने छ । कम्पनी सञ्चालनको लागि कोषका प्रशासक तुलसीप्रसाद गौतमले अध्यक्षता गर्ने गरी का.मु.सहप्रशासक जितेन्द्र धिताल र मुख्य प्रबन्धक भरतराज वस्ती सहितको तीन सदस्यीय सञ्चालक समिति गठन भएको छ । कम्पनीको अधिकृत पूँजी रू. २ अर्व र चुक्ता पूँजी १ अर्व रहने छ ।

**कम्पनीका उद्देश्यहरु :**

- मुलुकको उपयुक्त स्थानहरुमा जग्गा खरिद गरी वा लिजमा लिई सो जग्गामा व्यवस्थित, उपयुक्त र सुविधाजनक आवास क्षेत्रको निर्माण गरी सञ्चयकर्ताको आवश्यकता बमोजिमका घरघडेरीहरु बिक्री गर्ने वा भाडामा दिने,
- आधुनिक सुविधायुक्त संयुक्त आवास (हाउजिङ्) अन्तर्गतका छुट्टाछुट्टै घर वा अर्पाटमेण्ट निर्माण गरी बिक्री गर्ने वा भाडामा दिने,
- आवास भवन, अफिस भवन, सटर कवल आदि निर्माण गरी भाडामा दिने, बिक्री गर्ने वा कम्पनी आफैले सञ्चालन गर्ने,
- स्वामित्वमा आएको जग्गालाई आधुनिक घडेरीमा विकास गरी बिक्री गर्ने वा भाडामा दिने,
- सरकारी निकाय, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थाको स्वामित्वमा रहेको जग्गा, भवन वा फ्ल्याट लिज वा भाडामा लिई वा एजेण्ट भई भाडा व्यवस्थापन कार्य गर्ने ।

## 'काठमाण्डौं मल' भाडा सम्झौता




कर्मचारी सञ्चय कोषले काठमाण्डौ मलको रूपमा सञ्चालित सुन्धारास्थित भवन भाडामा दिएको छ ।

कोषको ब्लक ए भवनको १ लाख ५ हजार ४ सय ३३ दशमलव ७३ वर्ग फिट भाडामा लगाउन बोलपत्र आह्वान गरिएकोमा प्राप्त बोलपत्रहरू मध्ये दिवा सपना जे. भी. पुल्चोक, ललितपुरका बोलपत्रदाताको बोलपत्र सारभूत रूपमा प्रभावग्राही भई स्वीकृत गर्ने निर्णय भएको थियो ।

कोषको ब्लक ए भवन भाडामा दिने/लिने सम्बन्धमा कोष र दिवा सपना जे. भी. बीच ५ वर्षको लागि भाडा सम्झौता भएको हो । भवनको मासिक भाडा १ करोड १७ लाख २५ हजार रूपैयाँ रहेको करार सम्झौतामा जनाइएको छ । सम्झौता पत्रमा कोषका तर्फबाट का.मु. सहप्रशासक जितेन्द्र धिताल तथा कम्पनीको तर्फबाट प्रबन्ध निर्देशक हरिप्रसाद ढकालले हस्ताक्षर गर्नुभएको थियो । करार सम्झौता २०७६ माघ ६ बाट लागू हुने छ ।

## धरहरा पुनःनिर्माणको लागि ब्लक बि भवन भत्काइदै




धरहरा पुनःनिर्माणको क्रममा सुन्धारा भवनको दक्षिणतर्फको ब्लक 'बि' भत्काईने भएको छ । धरहरा पुनःनिर्माण गुरुयोजना अन्तर्गत कोषको उक्त क्षेत्र समेत पर्ने भएकोले मन्त्रिपरिषदको मिति २०७६ भाद्र ४ को निर्णयबाट नेपाल सरकारको जग्गासँग कोषको उक्त भवन तथा जग्गा सट्टापट्टा गर्ने निर्णय भएको हो । कोषको मूल भवनसँगैको उक्त भवन भत्काई सो आसपासको ८७२.६ बर्गमिटर जग्गा कोषले धरहरा पुनःनिर्माणको लागि प्रदान गर्ने छ भने मुल सडकसँग जोडिएको ५३३.८९ बर्गमिटर क्षेत्र कोषले प्राप्त गर्नेछ । भवन व्यवस्थापन इकाई (सुन्धारा)का प्रमुख राजेन्द्र विक्रम केसीका अनुसार उक्त क्षेत्रका व्यवसायीहरूसँगको छलफलपछि भवनको सम्पूर्ण क्षेत्र खाली गरी प्राधिकरणलाई भत्काउन सहमति प्रदान गरिएको छ ।

## सुन्धारा भवनबाट दश करोड असुली

सुन्धारास्थित कोषको भवनबाट एक वर्षको अवधिमा १० करोड १६ लाख ४९ हजार रुपैयाँ आम्दानी भएको छ । पौष मसान्तसम्मको अवधिमा भवन व्यवस्थापन इकाई सुन्धाराले भवनका भाडावालाबाट भाडाबापत नौ करोड तीन लाख उनन्पचास हजार असुल गरेको छ भने विजुली महशुल तथा अन्य शुल्क बापत थप १ करोड १३ लाख रूपैयाँ कोषको खातामा दाखिला भएको छ । गत पौष ११ मा साविकका भाडावाला शिवलक्ष्मी कोजुसँगको करार सम्झौता भंग भएपछि भवनको अन्तरिम व्यवस्थापन सो इकाई मार्फत हुँदै आएको छ ।

# सञ्चयकर्ता सापटीको क्षेत्र विस्तार



शाखा कार्यालय जनकपुरले प्रदान गर्दै आइरहेको घर सापटी एवं शैक्षिक सापटीको क्षेत्र विस्तार गरिएको छ ।

धेरै भन्दा धेरै सञ्चयकर्ता लाभान्वित हुन भन्ने उद्देश्यले कोषले जनकपुर शाखाको कार्यक्षेत्र भित्र पर्ने धनुषा, सर्लाही, रौटहत र महोत्तरीका विभिन्न क्षेत्रहरूलाई समावेश गरेको छ ।

सापटी प्रवाहको थप भएका क्षेत्रहरूमा सर्लाही जिल्ला अन्तर्गत लालबन्दि नगरपालिका, हरिओन नगरपालिका, बागमती नगरपालिका अन्तर्गतका क्षेत्रहरू, रौतहट जिल्ला चन्द्रपुर नगरपालिका, सिराहा जिल्ला गोलबजार नगरपालिका, लाहान नगरपालिका, मिर्चैया नगरपालिका अन्तर्गत तोकिएका क्षेत्रहरू, त्यसैगरी महोत्तरी जिल्ला बर्दिबास नगरपालिका, धनुषा जिल्ला जनकपुरधाम उपमहानगरपालिका, मिथिला नगरपालिकाका कोषले तोकेको पूर्वाधार पुगेको र कोषले उपयुक्त ठहराएका क्षेत्रहरूमा घर सापटी एवं शैक्षिक सापटी विस्तार गरिएको छ ।

त्यसैगरी शाखा कार्यालय कोहलपुर कार्यक्षेत्र अन्तर्गत पनि सापटी क्षेत्र विस्तार भएको छ । मिति २०७६ असोज १३ को निर्णयानुसार कोहलपुरको कार्यक्षेत्र अर्न्तगत विभिन्न स्थानहरू थप गरिएको छ । थप भएका क्षेत्रहरू अर्न्तगत बाँके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिमा अवस्थित केहि क्षेत्रहरू छन् भने दाङ्ग जिल्लाको घोराही उपमहानगरपालिका त्यसैगरी लमही र तुलसीपुर नगरपालिकाहरू अन्तर्गतका क्षेत्रहरू विस्तार गरिएको छ ।

# ल्याप्चे खोला हाईड्रोपावर सम्झौता



कोषले नासा हाईड्रोपावर प्रा. लि.सँग ल्याप्चे खोला जलविद्युत परियोजना सम्झौता गरेको छ ।

बिगु गाउपालिका दोलखामा अवस्थित सो परियोजनाको कुल लागत रकम रू. २६ अर्ब २० करोड ५० लाख रहेको छ । कर्जा रकम १९ अर्ब ६५ करोड ३६ लाख रहेको छ भने 'अपफ्रन्ट इक्यिुटी इन्जेक्सन' रकम १ अर्व ३१ करोड रहने छ ।

सो परियोजनाको निर्माण अवधि ३ वर्ष र कर्जा चुक्ता अवधि १३ वर्ष सहित कुल जम्मा १६ वर्ष रहने छ । परियोजनाको क्षमता १६० मेगावाट रहेको छ ।

# रेडियो नेपालसँग प्रसारण सम्झौता




कोष र रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपालबीच सञ्चयकर्ता स्वास्थ्योपचार सोधभर्ना योजनासँग सम्बन्धी रेडियो नेपालको केन्द्रिय प्रसारणबाट सन्देश प्रसारण गर्न सम्झौता भयो । कोषको तर्फवाट प्रशासक तुलसी प्रसाद गौतम र रेडियो नेपालका तर्फबाट कार्यकारी निर्देशक सुरेश कुमार कार्कीले सम्झौता पत्रमा हस्ताक्षर गर्नु भयो ।

रेडियो नेपालले आफ्नो केन्द्रीय प्रसारण मार्फत दैनिक विहान र बेलुकी ७ बजेको समाचार अघि १/१ पटकका दरले प्रसारण गर्ने छ । ५५ सेकेण्ड अवधिका सन्देश २०७६ माघ ५ गते देखि २०७७ असार मसान्तसम्म कुल १७८ दिनसम्म प्रसारण हुनेछ । सो समाचार र अन्य समयमा गरी दैनिक थप १२ पटक रेडियो नेपालले प्रोत्साहन स्वरूप नि:शुल्क प्रसारण गर्ने छ ।

# २ लाख ७७ हजार बढीको केवाइसी अद्यावधिक



गत वर्षदेखि कोषले शुरू गरेको केवाइसी (नो योर कन्ट्रिब्युटर) अद्यावधिक कार्यमा यो आर्थिक वर्षको पौष मसान्तसम्म जम्मा २,७७,३१० जना सञ्चयकर्ता आवद्ध भएका छन् ।

हालसम्म निजामतीबाट ५९,३५९, सेनाबाट ३३,४५७, प्रहरीबाट ५०,५७५, शिक्षाबाट ७२,०५१, संस्थानबाट ६१,८६८ सञ्चयकर्ताले आफ्नो केवाइसी अद्यावधिक गरिसकेका छन् ।

केवाइसी अद्यावधिक कोषको मुख्य कार्यालय ठमेल तथा सबै शाखा कार्यालयहरू एवं सेवाकेन्द्रबाट सम्पादन हुने गरेको छ ।

## खत्री कोषको सञ्चालकमा नियुक्त



नेपाली सेनाका सहायक रथी ध्रुवराज खत्री कोष सञ्चालकमा नियुक्त हुनु भएको छ । नेपाल सरकार (माननीय अर्थमन्त्री) को मिति २०७६ पौष २२ को निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४(२) खण्ड (ख) बमोजिम नेपाली सेनाका तर्फबाट खत्री सञ्चालक समितिको सदस्यमा नियुक्त हुनु भएको हो ।

## राष्ट्रिय सम्मेलनमा सहभागिता

नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले मिति २०७६ पौष ६ गते रेडिस्सन होटलमा आयोजना गरेको Professional Integrity for Combating Corruption and Fraud विषयक राष्ट्रिय सम्मेलनमा कोषको तर्फदेखि ५ जना कर्मचारी सहभागी हुनुभयो । सहभागीहरूमा का. मु. मुख्य प्रबन्धक राजेन्द्र शाक्य, वरिष्ठ प्रबन्धक गुणराज श्रेष्ठ, वरिष्ठ प्रबन्धक दशरथ कुमार लामिछाने, प्रबन्धक (कानुन) डम्बर खड्का र प्रबन्धक राजेन्द्र लामिछाने हुनु हुन्छ ।

## योजना प्रमुखमा शाक्य



योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको प्रमुखमा राजेन्द्र शाक्य नियुक्त हुनु भएको छ । उहाँलाई २०७६ कार्तिक २७ गते देखि लागु हुने गरी कोषको तह १०, मुख्य प्रबन्धकमा कायम मुकायम मुकरर गरी सो जिम्मेवारी तोकिएको हो । २०५३ मा कोषमा सेवा प्रवेश गर्नु भएका शाक्य यसभन्दा पहिले सूचना प्रविधि विभागमा बरिष्ठ प्रबन्धकका रूपमा कार्यरत हुनुहुन्थ्यो ।

## निवृत्तभरणमा कट्वाल



मुख्य प्रबन्धक जीवन कुमार कट्वाललाई निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभागको विभागीय प्रमुखको जिम्मेवारी दिइएको छ । २०७६ कार्तिक २७ देखि लागु हुने गरी कट्वाललाई विभागमा नियुक्त गरिएको हो । यस भन्दा पहिले योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको विभागीय प्रमुखको रूपमा जिम्मेवारी सम्हाल्नु भएका कट्वालले वि.सं. २०५७ मा कोषमा सेवा प्रवेश गर्नुभएको थियो ।

# कर्मचारीहरूको नियुक्ति र पदस्थापना



कोषमा रिक्त रहेका विभिन्न पदहरूमा आन्तरिक एवं खुला परीक्षामा उत्तिर्ण भएका उम्मेदवारहरूलाई नियुक्तीपत्र प्रदान एवं विभिन्न शाखाहरूमा पदस्थापना गरिएको छ ।

आन्तरिक परीक्षामा सफल हुने प्रतिस्पर्धीहरूमा बरिष्ठ प्रबन्धक पदमा नगेन्द्रप्रसाद पौडेल र नवराज पौडेल, प्रबन्धकमा मुकुन्द अर्याल, शिवराज पौडेल, पूर्णकुमारी बस्नेत र प्रबन्धक सिष्टमतर्फ सन्देश घिमिरे हुनुहुन्छ । त्यसैगरी उप प्रबन्धकहरूमा कुसुम लामा योञ्जन, योगेन्द्र मैनाली, दिनेश बास्कोटा, सहायक प्रबन्धकमा सुनिल गुरागाँई, सुस्ता वाग्ले, गोपालकृष्ण सुवेदी, रमेश भुजेल, जितबहादुर राउत, बलबहादुर कुँवर र दुर्गा बस्नेत सहायक प्रबन्धक (कम्प्युटर)मा निरज रिजाल हुनुहुन्छ । उहाँहरूलाई विभिन्न विभाग एवं शाखा कार्यालयहरूमा पदस्थापन गरिएको छ ।

त्यसैगरी मानव संशाधन तथा आन्तरिक विभागका विभागीय प्रमुख ओमकृष्ण श्रेष्ठले खुला प्रतियोगितामा उत्तिर्ण हुने नयाँ कर्मचारीलाई एक कार्यक्रमबीच नियुक्ति पत्र प्रदान गर्नुभयो । सो कार्यक्रममा सहायक चौथो तहमा उत्तिर्ण ७ जना कर्मचारीलाई नियुक्ति पत्र प्रदान गरिएको थियो । भावना के. सी., खुमकान्त भण्डारी, मञ्जिना गिरी, गंगा बस्याल, मनिष कुमार कर्ण, सुनिल शर्मा, दिनेश कुमार चौधरीलाई नियुक्ति पत्र प्रदान गरिएको थियो ।

# कोषको लगानीबारे अन्तरक्रिया कार्यक्रम

कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन विभागको आयोजनामा कोषको शेयर तथा ऋण लगानी रहेका बैंक, वित्तीय संस्था, बीमा कम्पनी र अन्य संस्थाहरूमा कोषको तर्फबाट संस्थागत प्रतिनिधित्व गर्ने संचालक तथा बैकल्पिक संचालकहरूसंग मिति २०७६ पुष १८ र १९ मा पार्क भिलेज रिसोर्ट बुढानिलकण्ठ, काठमाण्डौंमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा संस्थागत प्रतिनिधित्व गर्ने कोषका अधिकारीहरूले आफूले प्रतिनिधित्व गरेको संस्थाको बर्तमान अवस्था, वित्तीय अवस्था, समस्या एवं चुनौतीका बारेमा प्रस्तुतीकरण गर्नुभयो ।

प्रस्तुतीकरण तथा सो उपर भएको छलफलका आधारमा सञ्चालकहरूले पालना गर्नुपर्ने शर्त तथा आचरण सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने निर्णय गरियो । त्यस्तै, कोषको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने अधिकृतले सञ्चय कोष र सञ्चयकर्ता एवं सम्बन्धित कम्पनी वा संस्थाको उन्नती र विकासको लागि सक्रिय भूमिका निर्वाह गर्ने विषयमा समेत छलफल गरियो ।

कोषको लगानी रहेका "ख" वर्गका विकास बैंकहरूलाई "क" वर्गका वाणिज्य बैंकमा गाभ्नको लागि प्रयास



गर्ने, कम्पनीको साधारण सभा तथा संचालक समितिमा छलफल हुने महत्वपूर्ण एवं दीर्घकालीन असर पर्नसक्ने विषयमा कोषको आधिकारिक धारणा प्रस्तुत गर्ने, कोषको उल्लेख्य शेयर लगानी रहेका सिभिल बैंक लिमिटेड, नेपाल बैंक लिमिटेड र नेपाल स्टक एक्सचेन्ज लिमिटेड लगायतका संस्थाहरूको संचालक समितिमा कोषको प्रतिनिधित्वको लागि प्रयास गर्ने तथा लगानीका नयाँ क्षेत्र पहिचान गर्ने तथा पूँजी बजारमा कोषबाट प्रभावकारी भूमिका निर्वाह गर्न प्रयास गर्ने सम्वन्धमा कार्यक्रममा जोड दिईएको थियो ।

# कोषको वार्षिकोत्सव भव्यताका साथ सम्पन्न...

*पृष्ठ १ बाट क्रमशः*

कोषले करिब ६ लाख सञ्चयकर्ताको रू. तीन खर्ब ४५ अर्ब भन्दा बढी वित्तीय स्रोतको व्यवस्थापन गर्दै आएको छ । यो रकम अघिल्लो आर्थिक वर्षको भन्दा ११ प्रतिशत बढी हो । कुल स्रोतमध्ये रू. ३ खर्ब ३८ अर्ब ६ करोड अर्थात ९८ प्रतिशत विभिन्न क्षेत्रमा प्रवाह गरिएको छ । जसमध्ये सापटीमा ५३ प्रतिशत, परियोजना कर्जामा १६ प्रतिशत, बैंकहरूको मुद्दति निक्षेपमा २३ प्रतिशत र अन्य क्षेत्रमा ८ प्रतिशत रहेको छ ।

साथै कोषले गत वर्ष ऋण तथा लगानीबाट कूल २९ अर्ब ५३ करोड रूपैयाँ आम्दानी गरेको छ । यसबाट कोषको सञ्चालन खर्च कटाउँदा तीन अर्ब ७५ करोड खुद नाफा भएको प्रशासक गौतमले जानकारी दिनुभयो । उक्त नाफा वापतको रकम सञ्चयकर्ताको सामाजिक सुरक्षा तथा मुनाफा वितरणमा उपयोग गर्ने गौतमले बताउनु भयो ।

त्यसैगरी कोषले करिब १२ अर्ब ५० करोड रूपैयाँ बराबरको सरकारी ऋणपत्रहरूलाई दोस्रो बजार मार्फत बिक्री गरेको र सो वापत कोषले वार्षिक ७५ करोड रूपैयाँसम्म आम्दानी गरेको छ ।

कोष र सामाजिक सुरक्षा कोषको कार्यक्षेत्रमा दोहोरोपना हुन नदिन थप नीतिगत सुधार गर्नुपर्ने देखिएको गौतमले बताउनु भयो ।





बाणिज्य बैंकको नियमन संस्थागत सुशासन जोखिम व्यवस्थापन तथा संस्थागत क्षमतामा सुधार भएकाले कोषले बैंक तथा वित्तीय संस्थासँगको सहवित्तीयकरणका आधारमा हुने लगानीलाई प्राथमिकतामा राखेको प्रशासक गौतमले जनाउनु भयो ।

कार्यक्रममा कोषका सह प्रशासक राजेन्द्र काफ्लेले स्वागत मन्तव्य राख्नु भएको थियो । सो अवसरमा कोषका सह प्रशासक जितेन्द्र धिताल, पूर्व प्रशासक कृष्णप्रसाद आचार्य, सञ्चय कोष कर्मचारी संगठनका अध्यक्ष धर्मराज मैनाली, वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष अर्जुनप्रसाद आचार्यले पनि आ-आफ्ना विचार राख्नु भएको थियो ।

सो कार्यक्रमा खेलकुद प्रतियोगितामा विजयी कर्मचारीलाई पुरस्कार वितरण पनि गरियो । साथै कर्मचारी सञ्चय कोषमा २५ वर्ष सेवा पुऱ्याउने दुई जना कर्मचारीलाई दीर्घसेवा पदक पनि प्रदान गरिएको थियो । पदक पाउने कर्मचारीमा कार्यालय सुपरिवेक्षक रामचन्द्र पोखरेल र चोत बहादुर खड्का रहनु भएको छ । त्यसैगरी कार्यक्रमा एस. ई. ई. मा उत्तिर्ण कर्मचारीका १५ जना सन्ततीलाई शैक्षिक पुरस्कार वितरण पनि गरिएको थियो । कार्यक्रमा विभिन्न संघसंस्थाका प्रतिनिधीहरू, भुतपूर्व कर्मचारीहरूको पनि उल्लेखनीयरूपमा उपस्थिति थियो ।

# १७७ जना कर्मचारीलाई तालिम

कोषले प्रदान गर्ने विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तालिममा यो आर्थिक वर्षको पहिलो ६ महिनासम्ममा जम्मा १७७ जना कर्मचारी सेवाकालीन तालिममा सहभागी भएका भएका छन् । जसमध्ये अन्तर्राष्ट्रिय तालिममा ४५ जना र राष्ट्रिय तालिममा १३२ जनाको सहभागिता रहेको थियो ।



## अधिकृतस्तरीय तालिम

काठमाण्डौं विश्वविद्यालयले पौष १३ देखि १८ गतेसम्म सञ्चालन गरेको तालिममा २१ जना अधिकृत कर्मचारी सामेल भएका छन् । सो तालिममा सहभागी कर्मचारीहरूलाई Accounting for Decision Making विषयक तालिम दिइएको थियो ।

## परियोजना लगानी विषयक तालिम

कोषका कर्मचारीलाई लक्षित गरेर National Bank Institute ले कार्तिक १५ देखि १७ गते सम्म ३ दिन तालिम प्रदान गरेको छ । कोषका २२ जना अधिकृतस्तरका कर्मचारी सहभागी रहेको सो तालिममा Project Financing विषयमा ८ सेसनको तालिम प्रदान गरियो ।

## लेखासम्बन्धी तालिम

तालिम र विकास शाखाद्वारा कार्तिक ८ गते देखि १० गते सम्म ३ दिनको तालिम कार्यक्रम सञ्चालन गर्‍यो । Three Days KSK Accounting Training विषयका सो तालिममा विभिन्न विभाग एवं शाखाहरूमा कार्यरत २९ जना सहायक प्रबन्धक एवं प्रमुख सहायक कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# कोषबाट अवकाश

कोषबाट आर्थिक वर्षको छ महिनामा जम्माजम्मी २२ जना कर्मचारीहरूले अवकाश प्राप्त गर्नु भएको छ ।



अवकाश पाउने कर्मचारीहरूमा प्रबन्धक केशव बहादुर आचार्य, उप प्रबन्धक शिव लाल प्रधान, रवि राज श्रेष्ठ, सवर्ज्ञ रत्न तुलाधर, भोला नाथ भण्डारी, गोविन्द प्रसाद मरासिनी हुनुहुन्छ । त्यसैगरी सहायक प्रबन्धक आर्यानन्द शाक्य, लिला नाथ कडेल, रोहिणी कोईराला, शिव लाल प्रधान, बिष्णु प्रसाद ढुंगाना, रविन्द्र न्यौपाने, रवि कुमार अर्याल, गोपाल श्रेष्ठ, भेष नाथ भट्टराई, बाल मुकुन्द न्यौपाने, गंगा देवी उप्रेती, सुरेन्द्र कुमार ईङ्नाम, मोहन कुमार श्रेष्ठ, उद्धव बहादुर राउत, पद्म बहादुर शाही, सहयोगी ज्ञानी च्यामे र हिरा कृष्ण पोडे नेपाली हुनुहुन्छ ।

## फोटो फिचर

१


२


३


**तस्वीरमा क्रमशः** १ स्थलगत भ्रमणका क्रममा माथिल्लो तामाकोशी आयोजना निर्माणस्थलमा कोषका कर्मचारीहरू २ शाखा कार्यालय बुटवलद्वारा केवाईसी अपडेटको लागि सशस्त्र प्रहरी बल बर्दघाटमा आयोजित अन्तरक्रिया कार्यक्रम ३ शाखा कार्यालय बिराटनगरमा निर्माण भइरहेको भवनको पहिलो तलाको ढलान कार्य हुँदै ।




# केवाईसी अद्यावधिक कार्य प्राथमिकतामा

सशस्त्र प्रहरी बल मुख्यालय पकली, सुनसरीमा तालिमरत ११५ जना प्रहरी कर्मचारीहरूको अनसाइट परिचयपत्र समर्थन र १२५ कर्मचारीहरूको अनसाइट केवाइसी कार्यक्रम सम्पन्न भयो ।

त्यसैगरी सशस्त्र प्रहरी गण रानी, विराटनगरमा तालिमरत ९२ जना प्रहरी कर्मचारीहरूको परिचयपत्र समर्थन र जम्मा ११० जना कर्मचारीहरूको अनसाइट केवाइसी कार्यक्रम सम्पन्न भएको छ ।

पूर्वक्षेत्रीय प्रहरी तालिम केन्द्र रानी, विराटनगरमा तालिमरत ५९२ जना प्रहरी कर्मचारीहरूको अनसाइट केवाइसी कार्यक्रम गरिएको छ । बिराटनगर २ सशस्त्र प्रहरी वल नेपाल, पाथीभरा जवान तालिम शिक्षालय झापामा केवाइसी अद्यावधिक एवं परिचय पत्र बनाउने कार्य सम्पन्न गरिएको छ ।



# अन्तरक्रिया कार्यक्रम सम्पन्न

कोलेनिका मोरङ्को सहकार्यमा निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभाग ठमेलका वरिष्ठ प्रवन्धक दर्शन भट्टराईको उपस्थितिमा मोरङ् जिल्ला स्थित संघ र प्रदेशका लेखामा कार्यरत निजामती, नेपाल प्रहरी र जंगी तर्फका कर्मचारी हरूलाई योगदानमा आधारित निवृत्तभरण कार्यक्रममा रकम जम्मा गर्ने तरिका र सञ्चयकर्ता औषधोपचार कार्यक्रम लगायत कोषबाट प्रदान गरिने सेवा सुविधाका बारेमा जानकारी दिने उद्धेश्यका साथ अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

साथै कोषको विराटनगर शाखाका कर्मचारीहरूलाई योगदानमा आधारित निवृत्तभरण र सञ्चयकर्ता औषधोपचार कार्यक्रमका बारेमा कोषका वरिष्ठ प्रवन्धक दर्शन भट्टराईद्वारा जानकारी प्रदान गरिएको थियो ।




# बार्षिकोत्सव कार्यक्रम सम्पन्न



शाखा कार्यालय धनगढीले कोषको ५८ औं बार्षिकोत्सब भब्य र सभ्य रूपमा मनाउने क्रममा सम्पुर्ण सञ्चयकर्ताहरूको प्रतिनिधित्व हुने गरी मैत्रीपूर्ण फुटसल प्रतियोगिता तथा बृक्षारोपण कार्यक्रम गरी मनायो । प्रतियोगितामा संघीय निजामती, प्रदेश निजामती, स्थानीय निजामती, जंगी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, संस्थान र कोष गरि ८ समुहको सहभागिता रहेको थियो । खेलको समुद्घाटन सुदुर पश्चिम प्रदेशका निमित्त प्रमुख सचिव अर्जुन प्रसाद पोखरेल गर्नु भएको थियो । प्रदेश निजामतीको टीममा प्रमुख सचिव कृष्ण बहादुर राउत र सचिव किशोर चौधरीको सहभागिताले खेललाई रोमाञ्चित बनाएको थियो । प्रतियोगितामा प्रथम र द्धितिय स्थान हासिल गर्न सफल टीम क्रमशः नेपाल प्रहरी र संस्थान टीमलाई प्रदेश प्रमुख सचिव तथा सचिवहरूले ट्रफी तथा मेडल प्रदान गर्नु भएको थियो ।

५८औं बार्षिकोत्सवको अवसरमा धनगढी स्थित पवित्र धार्मिक स्थल शिवपुरी धाममा ५८ वटा धार्मिक बोटबिरूवाहरूको बृक्षारोपण कार्यक्रम गरी सम्पन्न गरियो । उक्त अवसरमा प्रदेश प्रमुख सचिव, प्रदेश सचिव, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरू तथा सञ्चयकर्ताहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

# तालिमस्थलमा अन्तरक्रिया



२०७६ श्रावण १ गते देखि नियुक्त भएका निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नेपाल बिशेष सेवाका कर्मचारीहरूको योगदानमुलक निबृत्तभरण योजनाको जिम्मा कोषले पाएको र सो को लागि केवाईसी अद्यावधिक अनिवार्य भएको हुँदा यस शाखाले केवाईसी अद्यावधिकलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्दै आएको छ । तालिमरत कर्मचारीहरूलाई कोषको सेवाबारे जानकारी प्रदान गर्नुका साथै उनीहरुको केवाईसी अद्यावधिक गर्ने कार्य तालिम स्थलमै गई गर्ने गरिएको छ । जसमध्ये नेपाली सेनाका भगतपूर २५ नं. बाहिनी, तेघरी ५ नं. बाहिनी, नेपाल प्रहरीका सुदुर पश्चिम क्षेत्रीय दंगा नियन्त्रण गण महेन्द्रनगर, सुदुर पश्चिम प्रदेश सशस्त्र प्रहरी गण, सशस्त्र प्रहरी बडिमालिका जवान तालिम शिक्षालय बनबेहडा र नं. ३५ गण हेडक्वार्टर शैलेश्वरी कन्चनपुरमा सम्पन्न भएको छ ।




# छलफल तथा अन्तरक्रिया सम्पन्न

शाखा कार्यालय पोखराले योगदानमा आधारित निवृत्तभरण, जम्मा गर्ने प्रक्रिया, वेब पोष्ट, कोषले दिने वित्तीय सुरक्षा, सामाजिक सुरक्षा, स्वास्थ्य वीमा एवं अन्य सेवा सुविधा, फाँटवारी, आईपियस मार्फत कोषको खातामा रकम जम्मा गर्ने सम्बन्धमा विभिन्न समयमा, विभिन्न पक्षसँग छलफल तथा अन्तरक्रिया सम्पन्न गरेको छ ।

मिति २०७६/७/१८: सशस्त्र प्रहरी विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारमा ।

मिति २०७६/०७/२९: कोष तथा लेखा नियन्त्रकको कार्यालय पर्वतको समन्वयमा पर्वत जिल्लाका कोष तथा लेखा नियन्त्रकको कार्यालय र विभिन्न कार्यालयका लेखा प्रमुखहरू एवं लेखाका कर्मचारीहरूसँग ।

मिति २०७६/०७/२९: कोष तथा लेखा नियन्त्रकको कार्यालय बाग्लुङ्को समन्वयमा बाग्लुङ् जिल्लाका कोष तथा लेखा नियन्त्रकको कार्यालय र विभिन्न कार्यालयका लेखा प्रमुखहरू एवं लेखाका कर्मचारीहरूसँग ।

मिति २०७६/०९/०२: कोष तथा लेखा नियन्त्रकको कार्यालय कास्कीको समन्वयमा कास्की जिल्लाका कोष तथा लेखा नियन्त्रकको कार्यालय र सुरक्षा निकायका विभिन्न कार्यालयका लेखाका कर्मचारीहरूसँग ।

मिति २०७६/०९/०३: कोष तथा लेखा नियन्त्रकको कार्यालय कास्कीको समन्वयमा कास्की जिल्लाका कोष तथा लेखा नियन्त्रकको कार्यालय र संघीय कार्यालयका लेखा प्रमुखहरू एवं लेखाका कर्मचारीहरूसँग ।

मिति २०७६/०९/०४: जिल्ला प्रहरी कार्यालय कास्कीको समन्वयमा कास्की जिल्ला स्थित जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी कार्यालय ।

मिति २०७६/०९/०८: कोष तथा लेखा नियन्त्रक र लेखापालहरूका लागि महालेखा नियन्त्रक कार्यालयद्वारा आयोजित आन्तरिक लेखा परिक्षण कार्यक्रममा को.ले.नि.का कास्कीको समन्वयमा गण्डकी प्रदेशका ११ जिल्लाका कोष तथा लेखा नियन्त्रक, लेखापालहरूसँग

मिति २०७६/०९/०९: कोष तथा लेखा नियन्त्रकको कार्यालय स्याङ्जाको समन्वयमा स्याङ्जा जिल्लाका कोष तथा लेखा नियन्त्रकको कार्यालय र विभिन्न कार्यालयका लेखा प्रमुखहरू एवं लेखाका कर्मचारीहरूसँग

मिति २०७६/०९/१९: राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपालको समन्वयमा गण्डकी प्रदेशका स्थानीय निकायका प्रशासकीय प्रमुख, कर्मचारीहरूसँग ।




# केवाइसी अद्यावधिक

शाखा कार्यालय कोहलपुरद्वारा दाङ घोराहिमा अवस्थित रिपुमर्दन गणमा पौष २ गते तालिमरत नयाँ १९२ जना जवानहरूको केवाइसी अद्यावधिक गरी पेन्सन प्रयोजनका लागि विकास गरिएको युसिआईएन



नम्बर प्रदान गर्ने कार्य गरियो । पेन्सन योजनालाई प्राथमिकतामा राखेर गरिएको सो कार्यक्रम कार्यालय प्रमुख कमल अर्यालको उपस्थितीमा सञ्चालन गरिएको थियो ।



## • अनसाइट वेब पोष्टिंग एवं केवाइसी अपडेट

शाखा कार्यालय पोखराले केवाइसी अद्यावधिक कार्यलाई अनसाइटबाट पनि सम्पन्न गर्ने उद्देश्यले विभिन्न स्थानहरूमा कोषका कर्मचारीको टोली परिचालन गर्ने गरेको छ । विभिन्न समयमा, विभिन्न कार्यालयहरूमा वेब पोष्टिङ् प्रशिक्षण एवं अनसाइट केवाइसी अद्यावधिक गरिएको थियो । जसअनुसार:-

| | |
|---|---|
| मिति २०७६/०७/२९ | नेपाल प्रहरी विपद् व्यवस्थापन कार्यालय, बाग्लुङ्मा |
| | २३ नं. बाहिनी अड्डा, बाग्लुङ्मा |
| मिति २०७६/०७/३० | सशस्त्र प्रहरी वल नेपाल, चण्डीका गण, पर्वतमा |
| मिति २०७६/०८/२० | जगदल गण तनहुँमा |
| मिति २०७६/०८/२८ | कालिभञ्जन गण तनहुँमा |
| मिति २०७६/०९/०२ | रूपाकोट रिर्सोट कास्कीमा वेभ पोष्टिङ् प्रशिक्षण एवं कर्मचारीहरूको केवाइसी अद्यावधिक कार्य सम्पन्न । |




# वार्षिकोत्सव कार्यक्रम



कर्मचारी सञ्चय कोषको ५८ औं वार्षिकोत्सवको अवसरमा सेवा केन्द्र, धनकुटाले मूलघाटस्थित विश्रान्ती वृद्धाश्रमका ज्येष्ठ नागरिकहरूलाई खाद्यान्न सामान तथा फलफूल वितरण गऱ्यो । कोषको वार्षिकोत्सवको अवसरमा सेवा केन्द्रमा कार्यरत कर्मचारीहरूबीच विभिन्न प्रतियोगितात्मक खेलकूदहरूको आयोजना गरी विजेताहरूलाई पुरस्कार वितरण गरियो । त्यस्तै, संविधान दिवसको अवसरमा जिल्ला समन्वय समिति एवं जिल्ला प्रशासन कार्यालयले आयोजना गरेको व्यापक सरसफाई कार्यक्रम, प्रभातफेरी र संविधान दिवस मूल समारोहमा सेवा केन्द्र परिवार सहभागी भयो ।

## • अन्तरक्रिया कार्यक्रम

मिति २०७६ साल पौष ६ गते जिल्ला प्रशासन कार्यालय, धनकुटाले साँगुरीगढी गाउँपालिका कार्यालय, भेडेटारको सभाहलमा प्रमुख जिल्ला अधिकारी डा. कृष्ण बहादुर घिमिरेको अध्यक्षतामा अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । धनकुटास्थित सरकारी कार्यालय एवम् संस्थानका कार्यालय प्रमुखहरूको उपस्थितिमा भएको सो कार्यक्रममा सेवा केन्द्रका प्रमुख डिल्लीप्रसाद अधिकारीले कोषका गतिविधि लगायत कोषबाट प्रदान गरिने सेवा सुविधाहरूको विषयमा अन्तरक्रियामूलक जानकारी प्रदान गर्नुभयो । कार्यक्रममा निवृत्तभरण ऐन-२०७५ बमोजिम योगदानमा आधारित निवृत्तभरण योजना, जम्मा गर्ने र वेब पोष्ट गर्ने तरिका, केवाईसी तथा हालै २०७६ मंसिर १ गतेबाट कोषले लागु गरेको सञ्चयकर्ता स्वास्थ्योपचार योजनाका बारेमा जानकारी दिइएको थियो । प्र.जि.अ. डा. घिमिरेले अब उप्रान्त सबै कार्यालयहरूले पेन्सन रकमको वेब पोष्ट तथा सञ्चय कोषकट्टी गर्दा अनिवार्य वेब अपलोड गरी फाँटवारी पठाउन र आफ्ना सबै कर्मचारीहरूलाई केवाईसी अद्यावधिकका लागि कोषमा सम्पर्क गर्नका लागि निर्देशन दिनुभयो ।

## • सञ्चयकर्ता सेवा प्रवाह

सेवा केन्द्र धनकुटाबाट आ.व. २०७६/७७ को मंसिर मसान्तसम्ममा सञ्चयकर्ताहरूलाई विभिन्न सामाजिक सुरक्षा तथा सापटी भुक्तानी गरिएको छ । यसमध्ये सञ्चयकर्ता सामाजिक सुरक्षा सुविधा अन्तर्गत १२२ जना सञ्चयकर्तालाई सुत्केरी तथा शिशु हेरचाह खर्च रू. ९ लाख १५ हजार र १ जनालाई काजक्रिया खर्च अनुदान रू. ४० हजार भुक्तानी गरियो । त्यस्तै, सञ्चयकर्ता सापटी सुविधा अन्तर्गत विशेष सापटी ५५९ जनालाई रू. ६ करोड ८८ लाख ६६ हजार ६ सय, घर सापटी रू. ३९ लाख ३ हजार भुक्तानी गरियो भने ११५ जना अवकाश प्राप्त सञ्चयकर्तालाई रू. २ करोड २ लाख ७ हजार ४४१ कोष भुक्तानी गरिएको छ । त्यस्तै, रू. ३ करोड २१ लाख ६४ हजार विशेष सापटी र रू. १६ लाख ६४ हजार ५५० सञ्चयकर्ता कर्जा असुली भएको छ । यसै गरी, यस सेवा केन्द्रबाट करीब १९ हजार व्यक्तिगत कोषकट्टी फाँटवारी डाटा प्रविष्टि सम्पन्न भइसकेको छ भने १,००९ जना सञ्चयकर्ताका केवाईसी विवरण संकलन तथा प्रविष्टिको काम तथा ३५१ जना नयाँ सञ्चयकर्ताको परिचय पत्र समर्थन गरी सकिएको छ ।




# विद्युतीय फाँटवारी संकलनमा विशेष प्रयास

शाखा कार्यालय जनकपुरले विद्युतीय फाँटवारी संकलनमा विशेष जोड दिने भएको छ । आर्थिक वर्ष २०७६/७७ का लागि यस जनकपुर शाखा कार्यालयलाई विशेष कार्यक्रम अन्तर्गत ७० प्रतिशत विद्युतीय फाँटवारी संकलन गर्न तोकिए पछि शाखा कार्यालयले विद्युतीय फाँटबारी संकलनमा विशेष जोड दिएको हो ।

शाखा कार्यालय प्रमुख ध्रुव प्रसाद पन्तका अनुसार कोषको विशेष कार्यक्रमको रूपमा रहेको विद्युतीय फाँटवारी संकलनलाई प्रभावकारी रूपमा सञ्चालन गर्न शाखाले आफ्नो क्षमता अनुसार सचेतना अभियान, अन्तरक्रिया कार्यक्रम लगायत शाखाबाटै प्रदान गर्न सकिने सुविधाहरूलाई व्यापक रूपमा परिचालन गर्न लागेको छ । यस क्रममा शाखामा फाँटबारी बुझाउन आउने कर्मचारीहरूलाई विद्युतीय फाँटबारीबारे आवश्यक जानकारी, ब्रोसरको वितरण र पेन ड्राइभमा ल्याइएका फाँटवारीलाई प्रिन्टको सुविधा सुरू भईसकेको पन्तले जानकारी दिनु भयो । उहाँका अनुसार तोकिएको लक्ष्य प्राप्त गर्ने कार्यक्रममा शाखा कार्यालयमा कार्यरत सबै कर्मचारीहरू जानकार हुनुका साथै सेवा प्रवाहमा सक्षम हुनको लागि सिक्ने र सिकाउने अभियानमा समेत जोड दिइएको छ । यसबाट सेवा प्रवाहको गुणस्तरियता बढ्नुका साथै सञ्चयकर्ता कार्यालय समेत सन्तुष्ट रहेको पाइएको पन्तको कथन थियो ।

यस क्रममा जनकपुर शाखाले आफ्ना विद्युतीय फाँटवारी पठाउन भनेर संस्थागत सदस्य कार्यालयहरूका लागि सरल र सहज ब्रोसर पनि जारी गरेको छ । कार्यालय प्रमुख पन्तले शाखा कार्यालयको यस प्रयासका साथै सञ्चयकर्ता, सञ्चयकर्ताको कार्यालयसँग नियमित तवरमा हुने अन्तरक्रिया कार्यक्रमले पनि शाखागत लक्ष्य प्राप्त गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सम्पादन तथा प्रकाशन :
योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग, कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुर ।
website : www.epfnepal.com.np, email: enewsletter@epfnepal.com.np
Layout: raz.bikram@gmail.com